# पवित्र आत्माद्वारा डोऱ्याइएको जीवन

## पहिलो दिन : पवित्र आत्मा तिमीमा वास गर्नुहुन्छ

**यहून्ना -१४: १६-१७**

**“र म पितासँग बिन्ती गर्नेछु , र उहाँले तिमीहरुलाई अर्को सल्लाहकार दिनुहुनेछ , र उहाँ तिमीहरुसँग सदासर्वदा रहनुहुनेछ । यिनी सत्यका आत्मा हुनुहुन्छ , जसलाई सँसारले ग्रहण गर्न सक्दैन , किनभने सँसारले उहाँलाई न त देख्छ न चिन्छ । तिमीहरु उहाँलाई चिन्छौ , किनभने उहाँ तिमीहरुसँग वास गर्नुहुन्छ , र उहाँ तिमीहरुमा रहनुहुनेछ ”**

सल्लाहकारहरुले भावनात्मक पिडाहरु अनुभव गरिरहेका मानिसहरुलाई तिनीहरुको जीवनमा रहेका सवालहरुलाई पहिचान गरेर मदत गर्ने काम गर्दछ । धेरै सल्लाहकारहरुले आफ्नो ग्राहकहरुसँग निश्चित सवालहरुको वारेमा केही समयसम्म मात्र काम गर्दछन् ।

पवित्र आत्मा हामीलाई सल्लाहकारको रुपमा दिइएको छ । उहाँ हामीसँग निश्चित समयसम्म मात्र होइन तर अनन्त सम्म रहनुहुन्छ । उहाँ हामीसँग वास गर्नुहुन्छ र हामीमा रहनुहुन्छ । सँसारले उहाँलाई ग्रहण गर्न सक्दैन , किनभने सँसारले उहाँलाई न त देख्छ न चिन्छ ।

कल्पना गर्नुहोस् कि कोही जसलाई हामी धेरै सम्मान गर्छौं , उहाँ हाम्रो घरमा आउनुहुन्छ र हामीसँगै बस्नुहुन्छ । हामी उहाँलाई धेरै विशेष र न्यानो महसुस गराउँछौं । हामी उहाँलाई विशेष खानाका परिकारहरु समयमै दिएर सेवा गर्छौं । हामी त्यो व्यक्तिलाई हरेक कुरामा उत्तम तरिकाले व्यबहार गर्छौं ।

के हामी भित्र हुनुहुने पवित्र आत्मालाई हामी विशेष र न्यानो महसुस गराउँछौं ?उहाँ सल्लाहकार भएको हुनाले हामीसँग बातचित गर्न मन पराउनुहुन्छ । के हामी उहाँको सल्लाहलाई सुन्न समय मिलाउँछौं ?तपाईले अन्तिम पटक कहिले पवित्र आत्माको सल्लाहलाई सुन्नुभयो र पालना गर्नुभयो ?के हामी उहाँको अमुल्य सल्लाहलाई सुन्ने र आफ्नो इच्छा विपरित भएतापनि त्यसलाई पालना गर्ने निर्णय गर्न सक्छौं ?तब मात्र हामी निर्धक्क साथ भन्न सक्छौं कि हाम्रो जीवन पवित्र आत्माले डोऱ्याउनुहुन्छ ।

**गर्नुपर्ने काम : पवित्र आत्मासँग स्मरणीय समय बिताऔं । उहाँको सल्लाहको लागि बिन्ती गरौं र त्यसलाई ध्यानमा राखेर उहाँको निर्देशनलाई पालना गरौं ।**

## दोस्रो दिन : पवित्र आत्माले तिमीलाई सबै कुराहरु सिकाउनुहुन्छ ।

**यूहन्ना-१४: २६-२७**

**तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरुलाई भनेका सबै कुरा तिमीहरुलाई याद दिलाउनुहुनेछ । शान्ति म तिमीहरुसँग छोडिराख्छु । म आफ्नो शान्ति तिमीहरुलाई दिन्छु । संसारले दिएजस्तो म तिमीहरुलाई दिँदिनँ । तिमीहरुको हृदय व्याकुल नहोस् र भयभित नहोस् ।**

हामी स्कुल पढ्दा कहिलेकाहीँ कुनै कक्षाहरुमा बस्न मन पराउँदैनथे । सायद हामीलाई त्यस कक्षाको शिक्षक वा विषय मन नपरेर हुन सक्छ । सायद हामीलाई पढाई भन्दा बाहेक बाहिरी कुराहरु जस्तै चलचित्र वा खेलहरु बढी मन पराएर हुन सक्छ ।

पवित्र आत्मा सबैभन्दा उत्तम शिक्षक हुनुहुन्छ । पवित्र आत्मा झैं कसैले पनि सिकाउन सक्दैन । पवित्र आत्माले सिकाउनुहुने विषय पनि धेरै उत्तम रहेको छ । सायद हामी कहिलेकाहीँ धेरै व्यस्त भएर त्यस विषयलाई अध्ययन गर्ने समय पाउँदैनौं । सायद हामीलाई उहाँले सिकाउनुहुने विषय मन पराउँदैनौ । सायद हामी पवित्र आत्माले दिनुहुने कुराभन्दा अरु नै कुराहरु बढी मन पराउछौँ ।

यस विषयले हामीलाई शान्ति दिन सक्छ । यसले हामीलाई सबै किसिमका कष्ट र डरबाट मुक्त गर्दछ । एक दिन हामीलाई अवश्य पनि यो विषय मन पराउनुपर्ने हुन्छ, तर आज किन मन नपराउने ?

**गर्नुपर्ने काम : परमेश्वरको वचन र पवित्र आत्मालाई सुनेर स्मरणीय समय बिताउनुहोस् । परमेश्वरको इच्छा जान्न र त्यसअनुसार चल्न पबित्र आत्मासँग सहायता माग्नुहोस् ।**

<u>तेस्रो दिन : पवित्र आत्माले येशूको बारेमा गवाही दिनुहुनेछ ।</u>

**"जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरुकहाँ पठाइदिनेछु , अर्थात सत्यका आत्मा , जो पिताबाट आउनुहुन्छ , उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ । तिमीहरु सुरुदेखि नै मेरो साथ रहेका हुनाले , तिमीहरु पनि मेरा साक्षी हौ । "** (यूहन्ना –१५: २६–२७)

गवाही दिनुको अर्थ अदालतमा प्रमाण दिन केही कुराको बारेमा गम्भिर तरिकाले बोल्नु हो । यदि हामी पवित्र आत्माद्वारा डोऱ्याइएका छौं भने हामी येशूको बारेमा गवाही दिन्छौं । येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो कि तिनीहरुले उहाँको बारेमा गवाही दिनुपर्छ किनकि तिनीहरु शुरुदेखि नै उहाँका साथमा थिए । जबसम्म पवित्र आत्मा हाम्रोसाथमा रहनुहुन्छ, हामीले येशूको बारेमा गवाही दिनुपर्छ ।

जब हामी आफ्नो वरिपरि हेर्छौं , धेरै मानिसहरुले अरुको बारेमा वा कुनै नियम/प्रणाली वा विभिन्न कुराको अभ्यासहरुको बारेमा गवाही दिएका पाउँछौं । तर थोरै मानिसहरुले मात्र येशूको बारेमा गवाही दिएका देख्न पाउँछौं ।

आज हामीले येशूको बारेमा गवाही दिनेवा अरु नै कुराहरुको बारेमा गवाही दिने भन्ने कुरा पक्कासँग निर्णय गर्नुपर्छ ।

**गर्नुपर्ने काम : आज केही समय निकालेर येशूको बारेमा गवाही दिनुहोस् । हरेक दिन कमसेकम पनि एक जनासँग येशूको बारेमा गवाही दिएर बानी बसाल्नुहोस् र यसलाई अझ बढाउनुहोस् ।**

<u>चौथो दिन : पवित्र आत्माले येशूको महिमा ल्याउनुहुनेछ ।</u>

**यूहन्ना –१६: १३–१४**

**जब उहाँ अर्थात सत्यका आत्मा आउनुहुनेछ , तब उहाँले तिमीहरुलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ । उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन । उहाँले जे सुन्नुहुन्छ , त्यही बोल्नुहुनेछ , र हुन आउने कुराहरु तिमीहरुलाई घोषणा गरिदिनुहुनेछ । उहाँले मेरो महिमा गर्नुहुनेछ , किनभने जे मेरो हो , त्यो मबाट लिएर तिमीहरुलाई सो घोषणा गरिदिनुहुनेछ ।**

यस सँसारमा हरबखत मानिसहरु आफैलाई महिमा दिएका पाउँछौं । उनीहरु आफ्नै बारेमा ठूलाठूला कुराहरु गर्दछन् । त्यसैगरीउच्च पदमा रहेका मानिसहरु बढी महिमित देखिन्छन् । यदि हामी पवित्र आत्माद्वारा डाऱ्याइएका छौं भने उहाँले हामीलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ । मुक्ति परमप्रभुबाट आउँछ । हामीले स्वर्गमा यो स्वर सुन्न सक्छौं : हलेलूया , मुक्ति, महिमा र शक्ति हाम्रो परमेश्वरको हो ।

पवित्र आत्मा उहाँ आफैं बोल्नुहुने छैन । उहाँले जे सुन्नुहुन्छ , त्यो बोल्नुहुनेछ र उहाँले हुन आउने कुराहरुलाई बताउनुहुनेछ ।

यदि हामी पवित्र आत्माद्धारा डाऱ्याइएका छौं भने, उहाँले येशूबाट लिनुहुनेछ र हामीलाई घोषणा गरिदिनुहुनेछ । के हामी परमेश्वरको ज्ञानमा हुर्कदै छौं ?

**गर्नुपर्ने काम : कसरी पवित्र आत्माले तपाईलाई येशूको बारेमा जान्न मदत गर्नुभयो जसले गर्दा तपाईको येशूप्रतिको प्रशँसा बढेको छ ?र कसरी येशूलाई पहिलाभन्दा बढी महिमा गर्न मदत मिलेको छ ?**

## पाचौं दिन : पवित्र आत्माले हामीलाई साहसिलो भएर बोल्न सहायता गर्नुहुन्छ ।

प्रेरित –४: ३१–३२

**तिनीहरुले प्रार्थना गरिसकेपछि तिनीहरु भेला भएको ठाउँमा कम्प भयो , र तिनीहरु सबै जना पबित्र आत्माले भरिए , र तिनीहरुले साहससित परमेश्वरको वचन बोले । विश्वास गर्नेहरुको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए , र तिनीहरुमध्ये एउटाले पनि आफ्नो धनसम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो , तर तिनीहरुका सबै थोक साझा थिए ।**

जब हामी प्रेरितहरुको समयलाई फर्केर हेर्छौं , तिनीहरु धेरै सतावटमा पर्थे जब येशूको बारेमा तिनीहरु गवाही दिन्थे । तर तिनीहरु सतावटको कारणले डराएको वा लज्जित भएको हामी देख्दैनौं । किनकि तिनीहरु पवित्र आत्माले भरिपूर्ण थिए र उहाँले तिनीहरुलाई परमेश्वरको वचन साहससित बोल्न सहायता गर्नुहुन्थ्यो ।

जब हामी सिकाउने वा प्रचार गर्ने मौका पाउँछौं, के हामी साहससित गर्दैछौं वा अरु कसैले गरोस् भन्ने हामी चाहन्छौं?सायद हामी सोच्छौं कि यो काम त अगुवाको मात्रै हो ।

सबै चेलाहरु एकै हृदय र एकै मनका भएका थिए । तिनीहरु जहाँ जहाँ जान्थे, परमेश्वरको वचन साहससित प्रचार गर्थे ।

**गर्नुपर्ने काम : तपाईको कुनै एक सँगतिमा साहससित प्रचार गर्नुहोस् । यदि तपाई नियमित प्रचारक हुनुहुन्छ भने अरु कुनै चेलालाई प्रचार गर्न दिनुहोस् जसले यो काम गर्न सक्छ ।**

## छैटौं दिन : पवित्र आत्मालाई झूट नबोल

प्रेरित –५:१–३

**तर हननिया नाउँका कोही एक जना र तिनकी पत्नी सफीराले एक टुक्रा जमिन बेचे , र त्यसको मोलबाट तिनकी पत्नीकै जानकारीमा केही हिस्सा आफूसँग राखे , र केही हिस्सा ल्याएर प्ररितहरुका चरणमा राखिदिए । तर पत्रुसले भने , " ए हननिया , पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो ?**

कहिलेकाहीं जब हामी केही कुरालाई बढी प्रेम गर्छौं , त्यसले हामीलाई अन्धो बनाउँछ , र हामी सोच्छौं कि हामी परमेश्वरबाट लुक्न सक्छौं । हननिया, जो मानिस पवित्र आत्माले भरिपूर्ण थियो , छोटो समयमै उसले सैतानलाई आफ्नो हृदयमा काम गर्ने अनुमति दियो ।

तपाई के कुराद्वारा भरिपूर्ण हुनुहुन्छ ?के हामी परमेश्वरप्रतिको प्रेमले भरिपूर्ण छौँ वा सँसारप्रतिको प्रेमले ?जो सँसारको मित्र हुने इच्छा गर्दछ , त्यो व्यक्ति परमेश्वरको शत्रु हुन्छ ।

यदि हामी पवित्र आत्माद्वारा डोऱ्याइएका छौँ भने हामी सधैँ सत्य बोल्नेछौँ । यदि हामीले मानिसलाई झूट बोल्यौँ भने हामी परमेश्वरलाई झूट बोल्दछौँ ।

**गर्नुपर्ने काम : यदि तपाईले विगतमा कसैलाई झूट बोल्नुभएको छ भने , गएर त्यस व्यक्तिसँग स्वीकार गर्नुहोस् र क्षमा माग्नुहोस् । आजको दिनदेखि सत्य मात्र बोल्ने गरौँ ।**

## सातौँ दिन : पवित्र आत्मालाई परीक्षा गर्न सहमत नहोओ

**प्रेरित–५:७–९**

**जे भइसकेको थियो सो थाह नपाई प्रायः तीन घण्टापछि तिनकी पत्नी पनि भित्र आई । पत्रुसले त्यसलाई सोधे , "मलाई भन, तिमीहरुले जमिन त्यतिमै बेचेका हौ ?" अनि त्यसले भनी , "ज्यू, त्यतिमै । " तर पत्रुसले त्यसलाई भने, "तिमीहरुले प्रभुका आत्माको परीक्षा गर्न कसरी मिलेर मतो गऱ्यौ ? हेर, तिम्रा पतिलाई गाड्नेहरु ढोकामै छन् र तिनीहरुले तिमीलाई बोकेर बाहिर लैजानेछन् । "**

हननियाकी पत्नी सफिराले हननियालाई यस कामबाट रोक्न सक्थी, तर उनी पनि अन्धो भएको देखिन्छ । उनले पनि झूट बोली । जब हामी कसैसँग भावनात्मक रुपमा घनिष्ट हुन्छौँ कसरी हामीलाई सजिलैसँग बहकिन सक्छौँ ?यदि परमेश्वरले हामीलाई कुनै गलत कुरा देखाउनुहुन्छ भने हामीले बोल्नु राम्रो हुन्छ । हामीले भावनामा डुबेर बहकिनुभन्दा परमेश्वरलाई प्रसन्न पार्ने कुरालाई जोड दिनुपर्छ । हाम्रा भावनाहरुले हामीलाई झूटमा डोऱ्याउँछन्, र पवित्र आत्मालाई परीक्षा गर्न पुग्छौँ ।

**गर्नुपर्ने काम : के परमेश्वरले तपाईलाई आफ्नो परिवार वा मण्डलीको बारेमा कुनैकुरा देखाउनुभएको छ ?कृपया प्रार्थना गर्नुहोस् र पवित्र आत्माको सहायताले उहाँहरुसँग कुरा गर्नुहोस् र परमेश्वरलाई प्रसन्न पार्ने काममा मदत गर्नुहोस् ।**

## आठौँ दिन : पवित्र आत्माको विरोध नगर

**प्रेरित–७ :५१–५३**

**"हे हठी मानिसहरु हो, कठोर हृदय र बहिरा कान भएका हो, तपाईहरु सधैँ पवित्र आत्माको विरोध गर्नुहुन्छ । तपाईहरुका पुर्खाले जस्तो गरे तपाईहरु पनि त्यस्तै गर्नुहुन्छ । अगमवक्ताहरुमध्ये कुनचाहीँलाई तपाईहरुका पुर्खाहरुले सताएनन् ?उनीहरुले धार्मिक जनको आगमन अघिबाटै घोषणा गर्नेहरु सबैको हत्या गरे । उहाँलाई तपाईहरुले विश्वासघात गर्नुभयो, र उहाँको हत्या गर्नुभयो । ती सबैलाई मारे, जसले ती धार्मिक जनको आउने समाचार अगाडिदेखि नै सुनाएका थिए । अब तपाईहरुचाहीँ उहाँकै विश्वासघातक र ज्यानमारा हुनुभएको छ । स्वर्गदूतहरुले सुम्पेको व्यवस्था तपाईहरुले पाउनुभयो तर त्यसको पालना गनुभएन ।**

परमेश्वरले हामीलाई उहाँका आज्ञाहरु पालना गर्नको निम्ति दिनुभयो । जब हामी पालना गर्दैनौँ, उहाँले निर्देशन दिन हाम्रो जीवनमा मानिसहरु पठाउनुहुन्छ । उहाँले अगमवक्ताहरु पठाउनुभयो । तर धेरै समयमा हामी देख्छौँ कि जसले परमेश्वरको निर्देशनहरु ल्याउँछन्, तिनीहरुलाई खिल्ली उडाउने, बेइज्जत गर्ने वा मार्नेसम्म गर्दछन् ।

आफ्ना अगुवाहरुको सम्झना राख, जसले परमेश्वरको वचन तिमीहरुलाई सुनाए । तिनीहरुका जीवनको परिणामलाई ध्यान देओ, र तिनीहरुका विश्वासको अनुकरण गर । (हिब्रु-१३:७)

तिमीहरुका अगुवाहरुको आज्ञापालन गर, र तिनीहरुका अधिनमा बस । किनकि लेखा दिनुपर्छ भन्ने कुरा जानेर नै तिनीहरुले तिमीहरुका प्राणको हेरचाह गर्छन् । यो काम तिनीहरुले आनन्दसाथ गरुन् । दुःख मानेर होइन, नत्रता त्यसबाट तिमीहरुलाई कुनै लाभ हुँदैन । (हिब्रु-१३:१७)

यदि हामीले परमेश्वरको वचनलाई हाम्रो जीवनमा काम गर्ने अनुमति दिँदैनौ भने हामी पवित्र आत्माको विरोध गर्छौं ।

**गर्नुपर्ने काम : केही अगुवाहरुसँग समय बिताउनुहोस् र सोध्नुहोस् कि तपाई अझै ख्रीष्टमा कसरी बढी हुर्कन सक्नुहुन्छ । कुनै पनि झँझट नमानी उहाँहरुलाई सुन्नुहोस् ।**

## नवौं दिन : पवित्र आत्मालाई धनसम्पत्तिद्वारा किन्न सकिँदैन

**प्रेरित–८:१८–२१**

**अब प्रेरितहरुले हात राख्दा पवित्र आत्मा पाइँदोरहेछ भन्ने देखेर सिमोनले यसो भन्दै तिनीहरुलाई रुपियाँ दिन ल्यायो, "मलाई पनि यो शक्ति दिनुहोस् र मैले जोसुकैमाथी हात राखिदिएपछि त्यसले पवित्र आत्मा पाओस् । " तर पत्रुसले भने, "तेरा रुपियाँ तँसँग नष्ट होस्, किनकि परमेश्वरको वरदान रुपियाँले किन्न सकिन्छ भनी तैंले विचार गरिस् । यस विषयमा न त तेरो केही भाग छ न हिस्सा नै छ, किनकि परमेश्वरको सामुन्ने तेरो हृदय ठीक रहेनछ ।**

कहिलेकाहीँ हामीलाई यस्तो लालच आउँछ कि यदि हामीसँग धनसम्पत्ति भयो भने सबै कुरा गर्न सकिन्छ । सिमोनले यस्तो सम्म पनि सोच्न पुग्यो कि परमेश्वरको वरदान पवित्र आत्मालाई रुपियाँबाट किन्न सकिन्छ ।

कसलाई उहाँको वरदान दिने भन्ने कुरा परमेश्वरले नै निर्णय गर्नुहुन्छ । परमेश्वरले स्वीकृती नगर्नुभएसम्म हामीले त्यो वरदान पाउन सक्दैनौं । परमेश्वरले दिने निर्णय नगर्नुभएसम्म हामीले कसैलाई पनि दिन सक्दैनौं । जसले परमेश्वरको आज्ञा पालन गर्छ, उसैलाई परमेश्वरको वरदान पवित्र आत्मा दिनुहुन्छ ।

यदि हामीले यस वरदान रुपियाँद्वारा किन्न सक्छौं भनी सोच्यौं भने परमेश्वरको राज्यमा हाम्रो कुनै हिस्सा रहँदैन किनकि यसबाट देखिन्छ कि हाम्रो हृदय परमेश्वरमा ठीक छैन ।

**गर्नुपर्ने काम : कुन कुन पक्षहरुमा हाम्रो हृदय परमेश्वरमा ठीक छैन भनी जान्न पवित्र आत्मासँग बिन्ती गर्नुहोस् । प्रार्थना गर्नुहोस् कि परमेश्वरले तपाईलाई यी कुराहरुबाट छुट्कारा देओस् ।**

## दशौं दिन : पवित्र आत्माले हामीलाई प्रोत्साहन दिनुहुन्छ

**प्रेरित–९:३१**

**त्यसरी सारा यहुदिया, गालील र सामरियाभरि मण्डलीमा शान्ति भयो र मण्डली सुदृढ भयो । प्रभुको भयमा हिँड्दै र पवित्र आत्माको सान्त्वना पाएर मण्डलीमा वृद्धि हुँदैगयो ।**

यहाँ मण्डलीहरु पवित्र आत्माद्वारा प्रोत्साहित भएको हामी देख्न सक्छौं । मण्डलीमा प्रभुको भय मान्दै सँख्यामा वृद्धि हुँदै गयो ।

के तपाई सम्झिनुहुन्छ कि कसरी तपाईलाई पवित्र आत्माले विगतमा बलियो पानुभयो वा प्रोत्साहित गर्नुभयो ?कसरी पवित्र आत्माले हाम्रो मण्डली वा सँगतिहरुमा प्रोत्साहित गर्नुभयो ?के हामी सँख्यामा बढ्दै छौं ?के हामी परमेश्वरको

भयमा जिउँदै छौं ?के हाम्रा चेलाहरु परमेश्वरको भयमा जीवन बिताउँदै छन् ?के हामी शान्तिको समयमा रमाउँदै छौं ?

**गर्नुपर्ने काम : तपाई आफै पवित्र आत्माको हतियार हुन अनुमति दिनुहोस् । तपाई हप्तामा सँगति गर्ने सानो झुण्डहरुमा एक अर्काको बीचमा प्रोत्साहन गर्ने र परमेश्वरको भयमा रहने कुरामा शुरुवात गरौं ।**

<u>एघारौं दिन : पवित्र आत्मा अनुसार जिउनु</u>

**रोमी–८:५–६**

**किनभने पापमय स्वभावअनुसार चल्नेहरुले शरीरका कुरामा मन लगाउँछन्, तर आत्माअनुसार चल्नेहरुले आत्माका कुरामा मन लगाउँछन् । किनभने, पापमय स्वभावमा मन लगाउनुचाहीँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो ।**

हामी धेरै समय आफ्नो शरीरलाई ख्याल गर्छौं र कहिलेकाहीँ आफ्नो मनलाई बिर्सन्छौं । मनले हाम्रो शरीरका अँगहरुलाई नियन्त्रण गर्छन् । यसले हाम्रो शरीरलाई बुद्धि र ज्ञानको माध्यमबाट डोऱ्याउँछन् । यसले हामीलाई समझशक्तिको सहायताले हरेक दिन डोऱ्याउँछन् ।

यदि हामीले आफ्नो मनलाई पवित्र आत्मामा सुम्पिदियौं भने, उहाँले हाम्रो मनलाई नियन्त्रण गर्नुहुन्छ । पवित्र आत्माले नियन्त्रण गरेको मन जीवन र शान्ति हो । नत्र हाम्रो मन पापमय कुराहरुमा लाग्छन् र यसले मृत्युतिर लैजान्छन् ।

**गर्नुपर्ने काम : तपाईका इच्छा र चाहनाहरुको बुँदा बनाउनुहोस् र हेर्नुहोस् कि हाम्रो मन पापस्वभाव वा पवित्र आत्मा मध्ये कुन चाहीँले नियन्त्रण गरेको छ ।**

<u>बाह्रौं दिन : पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ</u>

**रोमी–८:२६–२७**

**त्यसैगरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ । कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरुमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ । र मानिसहरुका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरुका निम्ति मध्यस्थता गर्नुहून्छ ।**

के तपाई हाम्रो जीवनमा कुनै यस्तो अनुभव छ, जहाँ हामी कुनै कार्यलयमा प्रमाणपत्र लिन गएका थियौं ?हामीले कसैलाई चिनेनौं र तिनीहरुको प्रक्रिया पनि बुझ्न गाह्रो भएको थियो । अचानक एक जना मानिस देखा पऱ्यो र हाम्रीलाई मदत गऱ्यो । त्यसपछि हामी त्यस कार्यलयबाट खुसीसाथ हिँड्यौं ।

पवित्र आत्माले हाम्रो कमजोरीहरुमा सहायता गर्नुहुन्छ । कति समय हामी के गर्ने भनेर जान्दैनौं । हामी सबैजना आफ्नो प्रार्थनामा सँघर्ष गर्छौं । कति समय हामी के र कसरी प्रार्थना गर्ने भनेर जान्दैनौं । पवित्र आत्माले हाम्रो प्रार्थनामा सहायता गर्नुहुन्छ । पवित्र आत्माले हामीलाई क्रन्दनसाथ मध्यस्थता गर्नुहुन्छ, जुन कुराहरु हामी शब्दमा व्यक्त गर्न सक्दैनौं । पवित्र आत्माले हामीलाई परमेश्वरको इच्छाअनुसार मध्यस्थता गर्नुहुन्छ ।

गर्नुपर्ने काम : तपाई प्रार्थनामा हुर्कन पवित्र आत्मासँग सहायता माग्नुहोस् । पवित्र आत्माले सहायता गर्नुभए बमोजिम प्रार्थना गर्नुहोस्, अनुभव गर्नुहोस् र उन्नतिमा आनन्द मनाउनुहोस् ।

## तेह्रौं दिन : पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द

रोमी–१४:१७–१९

**किनभने परमेश्वरको राज्य भनेको खानु, र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो। जसले यस किसिमले ख्रीष्टको सेवा गर्दछ, त्यो परमेश्वरलाई मन पर्ने र मानिसहरुबाट असल ठहरिएको हुन्छ। यसैले हामी ती कुराहरुको अनुसरण गरौं जसले शान्ति ल्याउँछ, अनि एउटाले अर्काको आत्मिक उन्नति गराउँछ।**

हामी परमेश्वरको राज्यमा छौं। हामी सबैजना ख्रीष्टको सेवा गर्न चाहन्छौं। हामी कसरी ख्रीष्टको सेवा गर्छौं त्यो सबैभन्दा महत्वपूर्ण हुन्छ। बाइबलले बताउँछ कि जसले यस किसिमले ख्रीष्टको सेवा गर्दछ, त्यो परमेश्वरलाई मन पर्ने र मानिसहरुबाट असल ठहरिएको हुन्छ।

के हामी पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्दमा जोड दिन्छौं ?के हामी एक अर्काको उन्नतिमा जोड दिन्छौं ?जब हामी धार्मिकतालाई गुमाउँछौं, तब हामी शान्ति र आनन्दलाई पनि गुमाउँछौं।

हामीले हर प्रयत्न गरौं जुन कुराले शान्ति र आत्मिक उन्नतिमा डोर्‍याउँछ।

**गर्नुपर्ने काम : आज हाम्रो जीवनको कस्तो परिस्थितिहरुले गर्दा हामीले आफ्नो शान्ति र आनन्द गुमाइरहेका छौं ?ती कुराहरु पत्ता लगाउन पवित्र आत्मासँग सहायता माग्नुहोस् र पवित्र आत्माले दिनुहुने साँचो शान्ति र आनन्द हामी प्राप्त गर्न सकौं। परमेश्वरको यो आज्ञालाई कसरी पालन गर्ने त्यस कुरामा विचार गरौं : "पहिले उहाँको राज्य र उहाँको धार्मिकताको खोजी गर। "**

## चौधौं दिन : पवित्र आत्माले प्रत्येक कुराहरु खोजी गर्नुहुन्छ

१ कोरिन्थी-२ :९-११

**तर यसो लेखिएको छ , आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुका निम्ति तयार पार्नुभएको छ। परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ। किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ , परमेश्वरका गहिरा गहिरा कुराहरु पनि खोजी गर्नुहुन्छ। मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ ?त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन।**

परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ , त्यसैले उहाँले हामीलाई केही विशेष कुराहरु तयार पार्नुभएको छ। उहाँले त्यो कुरा पवित्र आत्माद्वारा प्रकट गराउनुभएको छ। परमेश्वरले हाम्रा निम्ति येशू ख्रीष्टलाई प्रकट गराउनुभएको थियो। पवित्र आत्माले परमेश्वरका गहिरा गहिरा कुराहरु पनि खोजी गर्नुहुन्छ।

के हामीमा कोही नजिकको व्यक्तिको विचारलाई बुझ्न सक्ने क्षमता छ ?तर हामीमा भएको पवित्र आत्माले परमेश्वरको विचारलाई बुझ्न मदत गर्नुहुन्छ।

हामी आफैलाई कति विशेष महसुस गर्नु जरुरी छ कि परमेश्वरले हामीलाई अचम्मको उपहार दिनुभएको छ।

**गर्नुपर्ने काम : परमेश्वरलाई धन्यवाद दिन समय बिताउनुहोस्, जसले हामीलाई पवित्र आत्माजस्तो विशेष उपहार दिनुभयो।**

## पन्ध्रौँ दिन : तपाईको शरीर पवित्र आत्माको मन्दिर हो

**१ कोरिन्थी –३ :१६–१७**

के तिमीहरुलाई थाह छैन, तिमीहरु परमेश्वरका मन्दिर हौ, र परमेश्वरका पवित्र आत्मा तिमीहरुमा वास गर्नुहुन्छ ?कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्छ भने परमेश्वरले त्यसलाई नष्ट गर्नुहुनेछ । किनकि परमेश्वरको मन्दिर पवित्र हुन्छ, र त्यो मन्दिर तिमीहरु नै हौ ।

एकछिन कल्पना गर्नुहोस् कि तपाईले मन्दिर वा मण्डलीहरुमा विभिन्न पापहरु भइरहेको देख्नुभयो । के हामीलाई रिस उठ्दैन ?कहिलेकाहीँ जब हाम्रो सँगतिहरुमा केही खराव कुराहरु हुन्छ, हामीलाई धेरै रिस उठ्छ ।

त्यसैगरी हाम्रो शरीर पनि अनेक पापहरुबाट स्वतन्त्र हुनुपर्छ । **व्यभिचारदेखि अलग बस । अरु जुनसुकै पाप मानिसले गर्दछ, त्यो शरीरबाट बाहिर हुन्छ, तर व्यभिचार गर्ने मानिसले आफ्नै शरीरको विरुद्धमा पाप गर्दछ(१ कोरिन्थी–६:१८)।** हामी परमेश्वरको मन्दिरलाई नष्ट गर्ने काम नगरौँ , बरु त्यसलाई पवित्र राखौँ ।

**तिमीहरु स्वयम् आफ्नै होइनौ । तिमीहरु मोल तिरेर किनिएका हौ । यसकारण तिमीहरुका शरीरमा परमेश्वरको महिमा गर (१ कोरिन्थी–६:२०) ।**

**गर्नुपर्ने काम : पाप स्वीकार गर्न र क्षमाको निम्ति प्रार्थना गर्न समय बिताउनुहोस् । आफ्नो कुनै शरीरको अँगलाई पाप स्वभावमा सुम्पेको छ भने पश्चाताप गर्नुहोस् । पवित्र आत्माको सहायता लिएर योजना बनाउनुहोस् कि कसरी तपाईका शरीरका अँगहरुलाई परमेश्वरको महिमाको निम्ति प्रयोग गर्न चाहनुहुन्छ ।**

## सोह्रौँ दिन : पवित्र आत्माको प्रकट

**१ कोरिन्थी–१२ :४–७**

**वरदानहरु विभिन्न किसिमका छन्, तर पवित्र आत्मा एउटै हुनुहुन्छ । सेवाहरु धेरै थरिका हुन्छन्, तर प्रभु एउटै हुनुहुन्छ । कामहरु धेरै किसिमका छन् , तर उनै परमेश्वरले हरेकलाई ती काम गर्ने प्रेरणा दिनुहुन्छ । सवैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ ।**

हामी सबै जना धेरै कुराहरुमा फरक छौँ तर हामीभित्र हुनुहुने पवित्र आत्मा एउटै हुनुहुन्छ । त्यसैकारण हरेक चेलाहरुलाई समान किसिमले व्यवहार गर्नु जरुरी हुन्छ । कहिलेकाहीँ हामी कसैको आत्मिक वरदान देखेर वा उनीहरुले मण्डलीमा गरेको सेवा देखेर विशेष ध्यान दिन पुग्छौँ । तर एउटै परमेश्वर हुनुहुन्छ, जसले सबै जनामार्फत काम गर्नुहुन्छ ।

अर्को कुरा सवैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ । हामीलाई जे वरदान दिइएको छ , के हामी सवैका हितको लागि प्रयोग गर्दै छौँ ?

**गर्नुपर्ने काम : तपाईलाई दिइएको पवित्र आत्माको वरदान पहिचान गर्नुहोस् र परमेश्वरलाई धन्यवाद दिनुहोस् । तपाईलाई दिइएको वरदानलाई कसरी मण्डलीको हितको निम्ति प्रयोग गर्ने हो, त्यसमाथी विचार गर्नुहोस् ।**

## सत्रौं दिन : परमेश्वरले पवित्र आत्माका कामहरु निर्धारण गर्नुहुन्छ

१ कोरिन्थी–१२ :८–११

**कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरु दिइएका छन्, कसैलाई आश्चर्य कामहरु गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरु छुट्याउन सक्ने, कसैलाई भिन्न भिन्न किसिमका भाषाहरु बोल्ने, कसैलाई चाहिँ ती भाषाहरुको अर्थ खोलिदिने । तर यी सबै उनै एक पवित्र आत्माका कामहरु हुन् । उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ ।**

हामीले सधैँ चेलाहरुसँग भिन्न भिन्न वरदानहरु देख्छौँ । ती सबै उनै एक पवित्र आत्माका कामहरु हुन् । तर हामी जे चाहन्छौँ त्यो हामीले रोज्न पाउँदैनौँ । सायद हामी वरदानहरु चाहन्छौँ तर कसलाई के वरदान दिने हो परमेश्वरले मात्र निर्धारण गर्नुहुन्छ ।

पवित्र आत्माका वरदानहरु परमेश्वरले आफ्नो इच्छाअनुसार मात्र दिनुहुन्छ । के तपाईले आफ्नो आत्मिक वरदानहरु पहिचान गर्नुभएको छ ?

हामीसँग विभिन्न वरदानहरु भएतापनि हामीलाई एक अर्काको खाँचो पर्दछ , र परमेश्वरले उहाँको राज्यलाई निर्माण गर्न हामी सबैलाई सँगै राख्नुभयो ।

**गर्नुपर्ने काम : प्रार्थना गर्नुहोस् कि परमेश्वरले हामीलाई दिनुभएको वरदानहरुलाई उहाँको राज्य निर्माण गर्नका निम्ति प्रयोग गर्न सकौँ ।**

## अठारौँ दिन : पवित्र आत्माले जीवन दिनुहुन्छ

२ कोरिन्थी–३ :५–६

**कुनै पनि कुरा हामीबाट आएको हो भनी दाबी गर्न हामी आफै योग्य छैनौँ तर हाम्रो योग्यता परमेश्वरबाट आउँछ । नयाँ करारका सेवकहरु हुन उहाँले हामीलाई योग्यका बनाउनुभयो, लिखित अक्षरमा होइन, तर पवित्र आत्मामा । किनभने लिखित अक्षरले त मार्छ, तर पवित्र आत्माले जीवन दिनुहुन्छ ।**

हामी योग्यको हुनुपर्दछ । परमेश्वरले हामीलाई नयाँ करारका योग्य सेवकहरु बनाउनुभयो । अक्षर भनेको बाहिरी बुझाइमा शिलापत्रमा लेखिएको व्यबस्था हो । व्यबस्थाको अक्षर पुरानो करारबाट आएको हो ।

नयाँ करारमा,हामीभित्र रहनुहुने पवित्र आत्मा नै हाम्रो हृदयमा लेखिएको व्यबस्था हुन् । उहाँ हामीलाई डोऱ्याउन र हाम्रो व्यबस्था हुन हामीभित्र वास गर्नुहुन्छ । तर पवित्र आत्मा र अक्षर भने एकअर्कामा शत्रु होइनन् । तिनीहरु दुबै सँगै काम गर्दछन् तर जे पवित्र आत्माको माध्यमबाट आउँछ त्यो सर्वोच्च हुन्छ । किनकि पवित्र आत्माले जीवन दिन्छ ।

**गर्नुपर्ने काम : के तपाई योग्यका सेवक हुनुहुन्छ ?तपाई योग्य सेवक हुन तपाईको जीवनको कुन कुन पक्षहरुमा हुर्कन जरुरी छ, त्यसको बारेमा सोच्नुहोस् र तपाइलाई योग्य सेवक बनाउन पवित्र आत्मासँग प्रार्थना गर्नुहोस् ।**

उन्नाइसौँ दिन : पवित्र आत्माको सेवा महिमामय हुन्छ

२ कोरिन्थी- ३ :७-९

**तर मृत्यु ल्याउने व्यबस्थाका अक्षरहरु ढुङ्गामा खोपिएका थिए । त्यो व्यबस्था यस्तो महिमामय भएर आयो कि त्यसको तेजले गर्दा इस्राएलीहरुले मोशाको अनुहार हेर्न सकेनन्, यद्यपि त्यो तेज हराउँदै जाँदै थियो । पवित्र आत्माको सेवा कसरी अझ बढी महिमामय नहोला ?किनभने दोषी ठहराउने व्यवस्था महिमामय थियो भने धर्मी ठहराउने सेवा ज्यादै बढी महिमामय हुन्छ ।**

पुरानो करार दोषी ठहराउने सेवा हो भने नयाँ करार धर्मी ठहराउने सेवा हो । जब हामी अरु मानिसहरुको हृदयको बारेमा कुरा गर्छौं, हामी दोषी ठहराउन जोड दिन्छौं कि धार्मिकतामा जोड दिन्छौं ?मोशाको अनुहारमा चम्केको पुरानो करारको महिमाको तेज हराउँदै जाँदै थियो , तर नयाँ करारको महिमाको तेज ज्यादै महिमामय हुन्छ ।

के हामीलाई परमेश्वरले नयाँ करारको महिमामय सेवा दिनुभएकोमा सौभाग्य महसुस गर्छौं ?

**गर्नुपर्ने काम : कुनै चेलासँग बस्नुहोस् र परमेश्वरले दिनुभएको महिमामय सेवाको लागि धन्यवाद दिनुहोस् ।**

बिसौं दिन : परमेश्वरले पवित्र आत्मा हामीलाई बैनाको रुपमा दिनुभएको छ

२ कोरिन्थी–५ :५–७

**अब हामीलाई यस कुराको निम्ति तयार पारिदिने परमेश्वर नै हुनुहुन्छ, जसले हामीलाई बैनाको रुपमा पवित्र आत्मा दिनुभएको छ । यसकारण हामीलाई सम्पूर्ण भरोसा छ । हामी जान्दछौं कि हामी जबसम्म शरीरमा रहन्छौं, तबसम्म प्रभुबाट अलग हुन्छौं । किनकि हामी विश्वासद्वारा हिँड्छौं, देखिने कुराको आधारमा होइन ।**

जब तपाई कसैको घर खरिद गर्न बैनाको रुपमा केही रकम दिनुहुन्छ, यसको मतलब तपाईले आधा मात्र दिनुभयो ताकि यो निश्चित होस् कि तपाईले एक दिन पुरै रकम दिनुहुनेछ ।

परमेश्वरले हामीलाई हुन आउने कुराको निश्चय गर्न पवित्र आत्मा बैनाको रुपमा दिनुभएको छ । हामी शरीरमा हुँदा व्याकुल बन्छौं र स्वर्गीय डेरा धारण गर्ने उत्कट इच्छा गर्छौं । हामी विश्वासद्वारा हिँड्नुपर्छ , देखिने कुराको आधारमा होइन । हाम्रो पिताको घरमा हाम्रो निम्ति ठाउँ तयार पारिएको छ ।

**गर्नुपर्ने काम : पवित्र आत्मा मार्फत आउने विश्वासको माध्यमबाट आज केही जर्बजस्त कार्य गरौं ।**

एक्काइसौं दिन : पवित्र आत्माको सहायताले तपाईको आफ्नो लक्ष्य पूरा गर्नुहोस्

गलाती- ३ :१-३

**हे मूर्ख गलाती हो, कसले तिमीहरुलाई मोहनी लाएर वशमा पाऱ्यो ? तिमीहरुका आँखाकै सामुन्ने येशू ख्रीष्ट क्रूसमा टाँगिनुभएको कुरा स्पष्ट रुपले वर्णन गरिएको थियो । यति मात्र म तिमीहरुलाई सोध्न चाहन्छु, तिमीहरुले पवित्र आत्मालाई व्यवस्थाका कामहरुद्वारा पायौ, कि सुनेका वचनमा विश्वास गरेर ?के तिमीहरु यति मूर्ख छौ, कि आत्मामा सुरु गरेर शरीरमा शेष गर्दैछौ ?**

पवित्र आत्मा व्यवस्थाका कामहरुबाट प्राप्त गर्ने उपहार होईन । हामी सबैले सामन्य विश्वासद्वारा पवित्र आत्मा प्राप्त गऱ्यौं । गलातीहरु विश्वास र येशूमा नरहीकन, आत्मिक वृद्धि वा परिपक्वता शरीरका कामहरुद्वारा प्राप्त गर्न सकिन्छ भन्ने सोचको छलमा परेका थिए ।

पवित्र आत्माबाट शुरु भएतापनि के हामी अझै हाम्रो लक्ष्य मानिसको कामद्वारा प्राप्त गर्ने कोसिस गर्दै छौं ?

**गर्नुपर्ने काम : तपाईको जीवनको विभिन्न पक्षहरुमा जाँच्नुहोस् जहाँ तपाईले आफ्नो विश्वास शारीरिक कामहरुमाथी राख्नुभएको छ । तपाईको नयाँ वर्षको शुरुवातमा राख्नुभएको लक्ष्यहरुलाई हेर्नुहोस् , के तपाई त्यसमा अगाडि बढ्दै हुनुहुन्छ ?निरन्तर पवित्र आत्माको सहायता लिनुहोस् ,विश्वासद्वारा कसरी तपाईले योजना बनाउनुभएको भन्दा अझ बढी गर्न सकिन्छ, त्यसमाथी विचार गरौं ।**

## बाइसौं दिन : पवित्र आत्मा जसले "अब्बा , पिता " भनेर पुकार्नुहुन्छ

**गलाती–४ :६–९**

**तिमीहरु पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले हे अब्बा, पिता भनेर पुकार्नुहुन्छ । यसैकारण, परमेश्वरद्धारा तिमी अब उप्रान्त दास होइनौ, तर पुत्र हौ, र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौ । अघि अघि जब तिमीहरुले परमेश्वरलाई चिनेका थिएनौ, तिमीहरु तिनका दास थियौ, जो स्वभावले नै देवहरु होइनन् । तर अब त तिमीहरुले परमेश्वरलाई चिनेका छौ, अथवा परमेश्वरबाट चिनिएका छौ, र पनि फेरि कसरी तिमीहरु ती निर्बल र सुरु सुरुका तुच्छ सिद्धान्तहरुतिर फर्कन्छौ र फेरि तिनका दास बन्न चाहन्छौ ?**

कल्पना गर्नुहोस् कि तपाईठूलो राजा वा राष्ट्रपतिको पुत्र हुनुहुन्छ । तपाईको जीवन पुरै फरक किसिमको हुन्छ । तपाई राजाको पुत्र भएर तपाईको जीवनमा के कस्ता सपनाहरु हुन्छ होला ?

हामी परमेश्वरका सन्तान हौं । हामी अब उप्रान्त दास होइनौं तर पुत्र हौं । परमेश्वरले हामीलाई उत्तराधिकारी पनि बनाउनुभयो । के हामीमा उहाँको राज्यप्रति केही सपना छ ?कति सौभाग्यको कुरा हो जहाँ परमेश्वरले हामीलाई उहाँको छोराछोरी हुनलाई बोलाउनुभयो ।

के तपाई केही कुरा वा कसैको वा कुनै सिद्धान्तको दास हुनुहुन्छ ?

**गर्नुपर्ने काम : कुनै निर्बल सिद्धान्तहरुको बुँदा बनाउनुहोस्,जसमा तपाई फर्किने सोच भइरहेको छ । ती कुराहरुबाट मुक्त हुन परमेश्वरसँग प्रार्थना गर्नुहोस् । कसैसँग मदत लिनुहोस् जसले वचनमार्फत ती कुराहरुलाई त्याग्न तपाईलाई मदत गर्न सक्छ ।**

## तेईसौं दिन : पवित्र आत्माद्वारा जीउनु

**गलाती–५ :१६–१७**

**तर म भन्दछु , पवित्र आत्माद्वारा हिँड, र पापमय स्वभावका लालसा पूरा नगर । किनकि पापमय स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन् , अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध । तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरुलाई रोक्नको निम्ति यीचाहीँ एकअर्काको विरुद्धमा हुन्छन् ।**

यदि हामी पवित्र आत्माद्वारा डोऱ्याइएका छौं भने हामी पापमय स्वभावका लालसा पूरा गर्दैनौं । पवित्र आत्मा सधैं हाम्रो साथमा हुनुहुन्छ । कल्पना गर्नुहोस् कि तपाईको पिता तपाईसँगै हुनुहुन्छ र तपाई पाप गर्न खोज्दै हुनुहुन्छ ।

तपाईको पिताले पाप गर्ने अनुमति दिनुहुन्न । अर्को शब्दमा यदि तपाई पाप गर्न चाहनुहुन्छ भने तपाईले आफ्नो पितालाई धकेलेर केही पर राखी पाप गर्नुपर्छ ।

हामी आफ्नो पापमय स्वभावको लालसा पूरा गर्न पवित्र आत्मालाई पर धकेल्ने प्रयत्न नगरौं ।

**गनुपर्ने काम : तपाईमा भएको पापमय स्वभावका लालसाहरु पहिचान गर्नुहोस् र त्यसबाट मुक्त हुन प्रार्थना गर्नुहोस् । जब तपाई लालसामा पर्नुहुन्छ तब पवित्र आत्मालाई ध्यानसँग सुनौं र उहाँको निर्देशनलाई पालना गरेर उहाँलाई सुम्पिने प्रयत्न गरौं ।**

<u>चौबिसौं दिन : पवित्र आत्माको फल</u>

**गलाती–५ :२२–२५**

**तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, भलाइ, विश्वस्तता, नम्रता, सँयम हुन् । यस्ता कुराहरुका विरुद्धमा कुनै व्यवस्था छैन । तर तिनीहरु जो ख्रीष्ट येशूका हुन्, तिनीहरुले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन् । हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँडौं ।**

के तपाईसँग पवित्र आत्माको फल छन् ?यो फल कसले उत्पादन गर्छ ?के हामी महसुस गर्छौं कि यो फल हामीले होइन तर पवित्र आत्माले मात्र उत्पादन गर्नुहुन्छ ?हामीले पवित्र आत्मालाई अनुमति दिएर हामीलाई अगाडि बढाउन हामी आफ्नो हृदय, मन र जीवनलाई खुला मात्र गर्न सक्छौं । यसको मतलब हामी पवित्र आत्माको बाटोमा तगारो बनेर उभिनुहुन्न । हामीले आफ्नो पाप स्वभावसँग सम्बन्धित सबै कामहरुलाई नाश गर्नुपर्छ । हामी आफ्नो निम्ति जीउन छोडेर ख्रीष्टको निम्ति जीउनु जरुरी छ । तब मात्र पवित्र आत्माले हाम्रो जीवनमा फल फलाउनुहुन्छ ।

एउटा आत्मिक व्यक्तिको जीवनमा माथीका सबै गुणहरु हुन्छन् । ती गुणहरु हामीले आफ्नो पापस्वभावका लालसा र इच्छाहरु त्यागेर मात्र प्राप्त गर्न सकिन्छ ।

हामीले आफ्नो पाप स्वभावका लालसा र इच्छाहरुलाई क्रूसमा नाश गर्ने प्रयत्न गरौं ।

**गर्नुपर्ने काम : तपाईको जीवनमा अझै भएका पापमय स्वभावका फलहरुको बुँदा तयार पार्नुहोस् र प्रार्थनाका साथ ति कुराहरु त्याग्ने योजना बनाउनुहोस् । त्यसपछि पवित्र आत्माले तपाईको जीवनमा फलाउने फलप्रति आनन्दित हुनुहोस् ।**

<u>पच्चिसौं दिन : पवित्र आत्मा छाप हुनुहुन्छ</u>

**एफिसी–१ :१३–१४**

**तिमीहरु, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गर्‍यौ, उहाँमा नै तिमीहरुलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो । परमेश्वरको आफ्नो सम्पत्ति अर्थात् हामीहरुले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशँसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ ।**

हामी जान्दछौं कि कुनै पनि प्रमाणपत्र कार्यलयको छापबिना स्वीकार्य हुँदैनन् । जब हामीले सुसमाचार सुन्यौं, तब हामी ख्रीष्टमा सहभागी भयौं । जब हामीले विश्वास गर्‍यौं, हामी पश्चाताप गरेर बप्तिस्मा लियौं र परमेश्वरले पवित्र आत्माको छाप लगाइदिनुभयो ।

परमेश्वरले हामीलाई “तिमी मेरो हो” भनेर प्रमाणपत्र दिनु कति सौभाग्य कुरा हो । हाम्रो नामहरु जीवनको पुस्तकमा लेखिएको छ भनेर जान्नु कति सौभाग्य कुरा हो ।

**गर्नुपर्ने काम : तपाईलाई मण्डलीमा निमन्त्रणा गर्नुहुने र बाइबल पढाउनुहुने चेलाहरुलाई सम्झनुहोस् । उहाँहरुको निम्ति प्रार्थना गर्नुहोस् र उहाँलाई प्रोत्साहन गर्न एउटा पत्र/सन्देश वा इमेल पठाउनुहोस् । परमेश्वरले पवित्र आत्माको छाप लगाउनुभएकोमा उहाँलाई धन्यवाद दिनुहोस् ।**

छब्बिसौं दिन : पवित्र आत्माको एकता कायम राख

एफिसी–४ :१–३

**यसकारण, म प्रभुको निम्ति एक कैदी, तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरु बोलाईएका छौ त्यही योग्यको जीवन यापन गर । सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर, शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर ।**

हरेक समुह, वा मण्डलीमा एकता एउटा महत्वपूर्ण कुरा हो । एकताको भँग गर्नु नै सैतानको आफ्नो योजनाहरु पूरा गर्ने एक शक्तिशाली हतियार हो । के हामी परिवार वा मण्डलीको समुहमा एक भएर रहन्छौं ?यदि छैन भने यो एकता ल्याउने समय हो । एकतालाई प्राथमिकतामा राखौं, किनकि यसमा ढिलो भयो भने अझ सैतानले ध्वस्त पार्दछ ।

एकतामा रहनको लागि हामी सबै जना नम्र र कोमल मनको हुनु जरुरी छ । साथै धैर्य गरेर प्रेममा एकअर्कालाई सहनुपर्दछ ।

**गर्नुपर्ने काम : एकअर्काको बीचमा वा परिवारमा एकता कायम गर्न तपाई कसरी नम्रतामा हुर्कने पवित्र आत्मासँग सहायता माग्नुहोस् । तपाईको जीवनमा भएको कुनै प्रकारको घमण्डले एकअर्काको बीचमा एकता भँग भएको छ भने स्वीकार गर्नुहोस् र पश्चाताप गरी एकता कायम गर्नुहोस् ।**

सत्ताइसौं दिन : पवित्र आत्मा एउटै हुनुहुन्छ

एफिसी–४ :४–७

**शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ–जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरुको बोलावटसँग गाभिएको छ–एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथी, सबैका मध्य र सबैमा हुनुहुन्छ । तर खीष्टको वरदानको नापअनुसार हामी हरेकलाई अनुग्रह दिइएको छ ।**

खीष्टबाट अनुग्रह प्राप्त गर्नु एक सौभाग्य कुरा हो । खीष्टको नापअनुसार हामीलाई दिइएको छ । हामी सबैजना एउटै आशामा बोलाइएका थियौ । परमेश्वर सबैमाथी, सबैका मध्य र सबैमा हुनुहुन्छ । हामीमा एउटै शरीर र एउटै आत्मा हुनुहुन्छ ।

के तपाई सबै कुरामा परमेश्वरलाई देख्नुहुन्छ ?के तपाई एउटै प्रभुमा, एउटै विश्वास, एउटै बप्तिस्मा, एउटै परमेश्वरमा विश्वास गर्नुहुन्छ ?के हाम्रा वरिपरिका मानिसहरुले हामीमा परमेश्वरको यी योजनासँग एकता भएको देख्छन् ?अथवा के आफ्नै बाटो, आफ्नै योजना, आफ्नै सोच, आफ्नै बुझाई अनुसार हिँड्छौं ?

**गर्नुपर्ने काम : परमेश्वरको अनुग्रह र उहाँको बोलावटको निम्ति धन्यवाद दिनुहोस् । तपाईलाई परमेश्वरले बोलाउनुभएको समय र उहाँको पछि हिँड्न तपाईले गर्नुभएको निर्णयलाई सम्झी प्रार्थना गर्नुहोस् । हरेकलाई सम्मान र प्रेमसाथ समान व्यवहार गर्नुहोस् ।**

## अठ्ठाइसौँ दिन : परमेश्वरको पवित्र आत्मालाई दुखित नतुल्याओ

**एफिसी–४ :२९–३१**

**तिमीहरुका मुखबाट कुवाक्य ननिस्कोस् , तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरुलाई अनुग्रह मिलोस् । अनि परमेश्वरका पवित्र आत्मालाई दुखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरु छाप लगाइएका छौ । सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरुले त्यागिदेओ ।**

हामी उत्पत्ति ६ मा पढ्न सक्छौं : पृथ्वीमा मानिसहरुको दुष्टता बढी भएको र तिनीहरुका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खरावै मात्र भएको परमप्रभुले देख्नुभयो । पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो, र उहाँ मनमा साह्रै दु:खित हुनुभयो ।

हामी आफुभित्र रहेको पवित्र आत्मालाई, उहाँको पवित्रतालाई बेवास्ता गरेर वा सँसारका भौतिक कुराहरुमाथी भरोसा राखेर दुखित तुल्याउँछौं । जब हामीले प्रार्थना गर्नसम्म समय नभएर आफ्नै जीवनमा व्यस्त हुन्छौं सायद त्यसले पनि उहाँलाई दुखित तुल्याउँछ ।

के हाम्रा शब्दहरु र व्यबहारहरुले अरुको आत्मबललाई माथी उठाउने काम गर्छन् ?

**गर्नुपर्ने काम : तपाईको घनिष्ट चेलासँग सोध्नुहोस् कि के तपाईको बोलीवचन अरुलाई मदत पुग्ने किसिमको छ वा चोट पुऱ्याउने किसिमको छ?हामी आफ्नो गल्तीहरुलाई स्वीकार गरौं र कसरी अरुलाई मदत पुग्ने किसिमको बोलीवचन प्रयोग गर्ने भन्ने कुरामा पवित्र आत्मासँग सहायता लिनुहोस् , किनकि जब हामी कसैलाई चोट पुऱ्याउँछौं त्यसले पवित्र आत्मालाई चोट पुग्न जान्छ । हामी आफ्ना बोलीवचनहरुले पवित्र आत्मालाई चोट पुऱ्याउने भन्दा उहाँलाई आनन्दित गराउने कुरामा जोड दिऔं ।**

## उनान्तीसौँ दिन : पवित्र आत्माको तरवार

**एफिसी–६ :१६–१७**

**साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरु दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ । मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो ।**

हामी आत्मिक सिपाहीहरु भएको परमेश्वर चाहनुहुन्छ । उहाँ चाहनुहुन्छ कि हामीले परमेश्वरको सारा हातहतियार धारण गरोस् ताकि दुष्टका सबै अग्निबाणहरु निभाउन सकोस् ।

सिपाहीको लागि एउटा महत्वपूर्ण हतियार तरवार हो । कल्पना गर्नुहोस् कि सिपाही तरवार बिना युद्धमा जाँदैछ । यदि हामीले परमेश्वरको वचनलाई चिन्तनमनन गरेन भने त्यस सिपाहीको जस्तै हालत हुन्छ । धेरै मानिसहरुले परमेश्वरको वचनलाई गम्भिर ढँगले अध्ययन नगरेको कारणले परमेश्वरलाई छोडेर जान्छ ।

तपाईको दैनिक बाइबल अध्ययन कस्तो चल्दै छ ?

**गर्नुपर्ने काम : परमेश्वरको वचनलाई हरेक दिन चिन्तनमनन गर्ने र सिकेको कुरालाई अरुसँग बाँड्ने लक्ष्य राखौं । वचनमार्फत सिकेका कुराहरुलाई कापीमा लेख्ने बानी बसालौँ र विश्वासिलो भएर वचनलाई पालना गरौँ । परमेश्वरको वचनलाई याद गर्ने योजना बनाऔँ ताकि त्यसले तपाईको विश्वास बढाएर दुष्टसँग लड्न सकोस् ।**

## तीसौँ दिन : परमेश्वरको वरदानलाई प्रज्वलित राख

२ तिमोथी–१ :६–७

**त्यसैकारण म तिमीलाई याद दिलाउँछु कि मैले तिमीमाथी हात राखिदिएर तिमीले पाएका परमेश्वरको वरदानलाई प्रज्वलित राख । किनभने परमेश्वरले हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मसँयमको आत्मा दिनुभएको छ ।**

परमेश्वरले हामीलाई शक्ति, प्रेम र आत्मसँयमको आत्मा दिनुभएको छ । के हामी निडर, शक्ति, प्रेम र आत्मासँयमले भरिएका छौँ भनी आफैलाई प्रश्न गर्नु जरुरी छ ।

परमेश्वर हामीले उहाँको वरदानलाई प्रज्वलित राखेको चाहनुहुन्छ । परमेश्वरले दिनुभएको वरदानलाई प्रज्वलित राख्न हामीले के कस्ता प्रयत्न गर्दै छौँ ?

परमेश्वरले यस्तो भन्नुभए कति असल होला : स्याबास, असल र विश्वासी नोकर, तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुसीमा सहभागी हो ।

**गर्नुपर्ने काम : कोही गरिवलाई आफ्नो प्रेम दर्शाउनुहोस् ।**

## एकतीसौँ दिन : पवित्र आत्मामा प्रार्थना गर

यहूदा –१ : १८–२०

**तिनीहरुले भनेका थिए, आखिरी समयमा आफ्नै भक्तिहीन वासनाको पछि लागेर गिल्ला गर्नेहरु हुनेछन् । फूट हाल्नेहरु, साँसरिक मानिसहरु र पवित्र आत्मा नभएका मानिसहरु यिनै हुन् । तर प्रिय हो, तिमीहरुचाहिँ तिमीहरुको अति पवित्र विश्वासमा दृढ हुँदैजाओ र पवित्र आत्मामा प्रार्थना गर ।**

के हामी पवित्र विश्वासलाई दृढ बनाउन प्रयत्न गर्दै छौँ ?के हामी भक्तिहीन वासनाको पछि लागेर गिल्ला गर्नेहरुको कारणले अलमलमा परेका छौँ ?सँसारमा यस्ता धेरै मानिसहरु छन् जो आफ्नै स्वभाविक कुवासनामा लागेर अरुलाई पनि प्रभाव पार्छन । हामीले निरन्तर प्रार्थना गर्नुपर्छ ताकि हामी पनि त्यस्ता सिद्धान्तहरुको पासोमा नपरौँ ।

एफिसी–६:१८, सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर । यस उदेश्यले लगनशील र सर्तक भएर सबै सन्तहरुका निम्ति प्रार्थना गरिरहो ।

**गर्नुपर्ने काम : तपाईको मिनिष्ट्रीका हरेक चेलाहरुको नाम लिएर प्रार्थना गर्नुहोस् र परमेश्वरसँग बुद्धि माग्नुहोस् ताकि हरेकले परमेश्वरको स्वरलाई सुनेर विश्वाससाथ पालना गर्न सकोस् ।**